# राजदेवी नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : १ संख्या : ७२ मिति : २०७९/१२/२३

## भाग-२

## राजदेवी नगरपालिका

# राजदेवी नगरपालिकाको कर्मचारी तथा जनप्रतिनिधि प्रोत्साहन, पुरस्कार तथा सम्मान सम्बन्धी मापदण्ड, २०७९

नगर कार्यपालिकाको बैठकबाट स्वीकृत मिति २०७९।१२।२०

**प्रस्तावना-** राजदेवी नगरपालिकामा रहेर उच्चस्तरको कार्य सम्पादन गरी नगरपालिकाको समग्र विकासमा विशेष योगदान पुरयाउने कर्मचारीलाई प्रोत्साहित गरी नगरपालिकाको कार्यालयमा कर्मचारीबीच प्रतिस्पर्धात्मक वातावरण सृजना गरी समग्र कार्यवातावरणलाई थप सेवाग्राही मैत्री बनाउने उदेश्यले राजदेवी नगरपालिकाको कार्यपालिकाले कर्मचारी तथा जनप्रतिनिधि प्रोत्साहन, पुरस्कार तथा सम्मान सम्बन्धी मापदण्ड, २०७९ बनाई लागु गरेको छ ।

**खण्ड १ सक्षिप्त नाम र प्रारम्भ**

१.१ यस मापदण्डको नाम "कर्मचारी तथा जनप्रतिनिधि प्रोत्साहन, पुरस्कार तथा सम्मान सम्बन्धी मापदण्ड, २०७९" रहेको छ ।

१.२ यो मापदण्ड कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि लागु हुनेछ ।

१.३ विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "मापदण्ड" भन्नाले " कर्मचारी तथा जनप्रतिनिधि प्रोत्साहन, पुरस्कार तथा सम्मान सम्बन्धी मापदण्ड, २०७९" सम्झनु पर्नेछ ।

(ख) "पुरस्कार" भन्नाले यस मापदण्ड बमोजिम प्रदान गरीने नगद वा जिन्सी पुरस्कारलाई सम्झनु पर्नेछ ।

(ग) "सम्मान पत्र" भन्नाले यस मापदण्ड बमोजिम कर्मचारीलाई प्रदान गरीने सम्मान पत्रलाई सम्झनु पर्नेछ ।

(घ) "समिति" भन्नाले यस मापदण्ड बमोजिम प्रोत्साहन तथा पुरस्कार सिफारिस गर्नका लागि गठन गरिएको समितिलाई सम्झनुपर्नेछ ।

(ङ) राजदेवी नगरपालिका भन्नाले राजदेवी नगरपालिकाको कार्यालय, मातहतका वडा कार्यालय, स्वास्थ्य संस्था र सामुदायिक विद्यालयलाई सम्झनुपर्दछ ।

(च) कर्मचारी भन्नाले नगरपालिका अन्तर्गतका वडा कार्यालय, स्वास्थ्य संस्था र सामुदायिक विद्यालयमा कार्यरत कर्मचारीलाई जनाउछ ।

(छ) जनप्रतिनिधी भन्नाले नगरपालिकाका नगर सभा सदस्यलाई जनाउछ ।

(ज) विषयगत शाखा भन्नाले नगरपालिकाको कार्यालय अन्तर्गतको शाखा लाई जनाउँदछ ।

(झ) वडा कार्यालय भन्नाले राजदेवी नगरपालिकाका ९ वटै वडा कार्यालयहरुलाई जनाउँदछ ।

(ञ) स्वास्थ्य संस्था भन्नाले राजदेवी नगरपालिकाका सबै स्वास्थ्य संस्थाहरुलाई जनाउँदछ ।

(ट) विद्यालय भन्नाले राजदेवी नगरपालिकाका सबै सामुदायिक विद्यालयहरुलाई जनाउँदछ ।

## खण्ड २. प्रोत्साहन तथा पुरस्कार सिफारिस समितिको व्यवस्था

यस मापदण्ड बमोजिम प्रोत्सान तथा पुरस्कार सिफारिस गर्नका लागि देहाय अनुसारको समिति गठन हुनेछ ।

| | | |
|---|---|---|
| क) | नगर प्रमुख | संयोजक |
| ख) | नगर उप प्रमुख | सदस्य |
| ग) | प्रमुख प्रशासकिय अधिकृत | सदस्य |

## खण्ड ३. प्रोत्साहन तथा पुरस्कारको लागि अंक दिने आधार

यस मापदण्ड बमोजिम प्रोत्साहन तथा पुरस्कार सिफारिस गर्नका लागि गठित समितिले देहायका आधारमा अंक प्रदान गर्नुपर्नेछ । पुरस्कारको लागि सिफारिस समितिले प्राप्त भएका निवेदनहरुमध्येबाट कम्तिमा ५ जना कर्मचारी तथा २/२ को संख्यामा वडा अध्यक्ष, विषयगत शाखा, वडा कार्यालय, विद्यालय, स्वास्थ्य संस्था, शिक्षक तथा स्वास्थ्यकर्मी आफैं छनौट गर्न सक्नेछ । छनौट भएका कर्मचारी, वडा अध्यक्ष, विषयगत शाखा, वडा कार्यालय, विद्यालय, स्वास्थ्य संस्थाले बढीमा २.५ अंक स्वमूल्यांकन बापत आफैले थप गर्न सक्नेछन् ।

| अंक दिने आधार | प्रमुखले दिने अंक | उप प्रमुखले दिने अंक | प्रमुख प्रशासकीय अधिकृतले दिने अंक |
|---|---|---|---|
| समय पालना, अनुशासन र सिकाई उपलब्धी | २.५ | २.५ | २.५ |
| आफनो शाखाको काम सन्तोषजनक ढंगले गरेको | ५ | ५ | ५ |
| आफ्नो शाखाको काम बाहेक अर्को शाखाको काममा समेत उल्लेख्य सहयोग गरेको तथा सामुहिक कार्यमा संलग्नता | ७.५ | ७.५ | ७.५ |
| नेतृत्व क्षमता तथा बहस गर्ने सिप | ५ | ५ | ५ |
| दक्षता र व्यवसायिक क्षमता | ५ | ५ | ५ |
| श्रृजनशिलता र नविन अभ्यास प्रतिको अग्रसरता | २.५ | २.५ | २.५ |
| अधिल्लो आर्थिक वर्षको कार्यक्रमा प्राप्त गरेको प्रतिफल र प्रभावकारीता | ५ | ५ | ५ |
| कर्मचारीको स्वमूल्यांकन वापत कर्मचारी आफैले दिने अंक - २.५ | - | - | - |
| **जम्मा अंक (१००)** | **३२.५** | **३२.५** | **३२.५** |

**खण्ड ४. पुरस्कारको राशी र अन्य व्यवस्था**

यस मापदण्ड बमोजिम प्रदान गरिने पुरस्कारको राशी सम्बन्धी देहाय बमोजिम हुनेछ :

क. नगरपालिका र वडामा कार्यरत सम्पुर्ण कर्मचारी मध्ये राजपत्राकिंत बढीमा तीन जना कर्मचारीलाई प्रशंसा पत्र सहित रु. २५,०००। (पच्चीस हजार रुपैया) नगद पुरस्कार प्रदान गरीने छ ।

ख. नगरपालिका र वडामा कार्यरत सम्पूर्ण कर्मचारी मध्ये बढीमा दुई जना श्रेणीविहीन कर्मचारीलाई प्रशंसा पत्र सहित रु. १०,०००। (दश हजार रुपैया) नगद पुरस्कार प्रदान गरिनेछ ।

ग. पुरस्कारको लागि सिफारिस भई नगद पुरस्कारको लागि छनौट नभएका सबै कर्मचारीलाई प्रशंसा पत्र प्रदान गर्न सकिनेछ ।

**खण्ड ५. पुरस्कारका लागि छनौट गरीने :**

क. दफा ३ बमोजिमका सूचकका आधारमा प्रत्येक आर्थिक वर्षको श्रावण महिनामा नगरपालिकाका कर्मचारी, जनप्रतिनिधी, विषयगत शाखा, वडा कार्यालय, शिक्षक र स्वास्थ्यकर्मीहरुले छनौटका लागि निवेदन पेश गर्नुपर्नेछ ।

ख. उपदफा क बमोजीम निवेदन पेश गर्दा नगरपालिकाका कर्मचारी, विषयगत शाखा, वडा कार्यालय, शिक्षक र स्वास्थ्यकर्मीहरुले प्रमुख प्रशासकीय अधिकृत मार्फत तथा जनप्रतिनिधिहरुले नगर प्रमुख मार्फत निवेदन पेश गर्नु पर्नेछ ।

ग. कर्मचारी, जनप्रतिनिधी, विषयगत शाखा, वडा, शिक्षक, स्वास्थ्यकर्मी, विद्यालय र स्वास्थ्य संस्थालाई प्रदान गरिने प्रमाणपत्रको ढाँचा अनुसूची १ र अनुसूची २ बमोजिम हुनेछ ।

घ. राजदेवी नगरपालिकामा कम्तीमा ६ महिना कार्य गरेको र दफा ३ बमोजिमको सूचक बमोजिम छनौट भएको कर्मचारीलाई उत्कृष्ट कर्मचारीको रुपमा सम्मान गरिनेछ ।

ङ. राजदेवी नगरपालिकामा प्रत्येक आर्थिक वर्षमा भएका योजना तथा कार्यक्रमहरु कम्तीमा ९० प्रतिशत भन्दा बढी सम्पन्न गर्ने तथा सर्वाधिक राजश्व संकलन गर्ने वडालाई उत्कृष्ट वडाको रुपमा सम्मान गरिनेछ ।

च. राजदेवी नगरपालिकाको प्रत्येक आर्थिक वर्षमा छनौट भएको योजनाहरु कम्तीमा ९० प्रतिशत भन्दा बढी योजना तथा कार्यक्रमहरु सम्पन्न गर्ने तथा सर्वाधिक राजश्व संकलन गर्ने वडाको वडा अध्यक्षलाई उत्कृष्ट जनप्रतिनिधिको रुपमा सम्मान गरिनेछ ।

छ. राजदेवी नगरपालिका प्रत्येक आर्थिक वर्षमा छनौट भएका योजना तथा कार्यक्रमहरुको भौतिक र वित्तिय प्रगतीको कम्तीमा ९० प्रतिशत भन्दा बढी सम्पन्न गर्ने शाखाको रुपमा सम्मान गरिनेछ ।

ज. स्वास्थ्य संस्थाहरु मध्ये स्वास्थ्य सेवा अन्तर्गत विपद् तथा नियमित सेवा प्रवाहमा संस्थामा रहने भुमिकाका आधारमा उत्कृष्ट स्वास्थ्यकर्मीको रुपमा सम्मान गरिनेछ ।

झ. सामुदायिक विद्यालयमा सहज सरल वातावरणमा पठन पाठन तथा सिकाई उपलब्धिलाई आधार मानी उत्कृष्ट शिक्षकको रुपमा सम्मान गरिनेछ ।

ञ. सामुदायिक विद्यालयमा छात्र छात्राको एकमुष्ठ नतिजा प्रतिशतलाई आधार मानी उत्कृष्ट विद्यालयको रुपमा सम्मान गरिनेछ ।

ट. स्वास्थ्य संस्थाहरुमध्ये स्वास्थ्य सेवा अन्तर्गत विपद् तथा नियमित सेवा प्रवाहमा रहने भुमिकाका आधारमा उत्कृष्ट स्वास्थ्य संस्थाको रुपमा सम्मान गरिनेछ ।

**खण्ड ६. विविध**

क. यो मापदण्डमा व्यवस्था भएको विषयमा यसै बमोजिम र यसमा उल्लेख नभएको विषयमा प्रचलित कानुन बमोजिम हुनेछ ।

ख. यो मापदण्ड लागु गर्नमा कुनै बाधा वा अड्चन आएमा कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

ग. यो मापदण्ड संशोधन गर्ने अधिकार कार्यपालिकालाई हुनेछ ।

अनुसूची १

उत्कृष्ट तथा सर्वोत्कृष्ट कर्मचारी, जनप्रतिनिधी, शिक्षक र स्वास्थ्यकर्मी लाई प्रदान गरिने प्रमाण पत्रको ढाँचा

# राजदेवी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
# राजदेवी,रौतहट
# मधेश प्रदेश, नेपाल

## प्रमाणपत्र

राजदेवी नगर कार्यपालिकाको मिति .........................को निर्णयानुसार नगरपालिकाको कार्य सम्पादनमा पुऱ्याउनु भएको विशिष्ट योगदानको उच्च मूल्याँकन गर्दै तपाई श्री ............................................लाई आ.व. ......................को उत्कृष्ट कर्मचारी/जनप्रतिनिधी/शिक्षक/स्वास्थ्यकर्मी सम्मान पुरस्कार सहित स-धन्यवाद यो प्रमाणपत्र प्रदान गरिएको छ। साथै तपाईको उत्तरोत्तर प्रगती एंव उज्जवल भविष्यको कामना गर्दछौ ।

| | | |
|---|---|---|
| ............................... | ............................ | ............................... |
| नाम / थर | नाम / थर | नाम / थर |
| प्रमुख प्रशासकीय अधिकृत | नगर उप प्रमुख | नगर प्रमुख |

अनुसूची २

उत्कृष्ट तथा सर्वोत्कृष्ट विषयगत शाखा, वडा कार्यालय, विद्यालय र स्वास्थ्य संस्थालाई प्रदान गरिने प्रमाण पत्रको ढाँचा

# राजदेवी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
# राजदेवी,रौतहट
# मधेश प्रदेश, नेपाल

## प्रमाणपत्र

राजदेवी नगर कार्यपालिकाको मिति ..............................को निर्णयानुसार नगरपालिकाको कार्य सम्पादनमा पुऱ्याउनु भएको विशिष्ट योगदानको उच्च मूल्याँकन गर्दै तपाई राजदेवी नगरपालिकाको शाखा/वडा कार्यालय/विद्यालय/स्वास्थ्य संस्थालाई आ.व......................को उत्कृष्ट विषयगत शाखा/वडा कार्यालय/विद्यालय/स्वास्थ्य संस्था सम्मान पुरस्कार सहित स-धन्यवाद यो प्रमाणपत्र प्रदान गरिएको छ।

| | | |
|---|---|---|
| ............................... | ............................ | ............................... |
| नाम / थर | नाम / थर | नाम / थर |
| प्रमुख प्रशासकीय अधिकृत | नगर उप प्रमुख | नगर प्रमुख |

**आज्ञाले,**

**प्रलव कायस्थ**

**प्रमुख प्रशासकीय अधिकृत**